# आफ्नै चश्मा

श्याम रिमाल

हेराइ हराएर
अल्मलिइरहेको म
कसले खोस्यो मेरो दृष्टि
कसले फे-यो मेरै सामुको सृष्टि हँ ?

चश्मा फुकाल्छु -
नयन छ,दृष्टि छैन
पदार्थ छ,चेतना छैन
कसले लगाइदियो आँखामा पट्टी
कसले हालिदियो पर्दा नानीमा एकाएक ?

शिवप्रसादले त दिएकै हो
मीठा र सुन्दर दुई आँखा
चेतकुमारीको सपना यसैले देख्यो अपलक
आँखामा छारो हालेर
घुमाइरहेछ मलाई कसले?
जीवन-ललाट छोपेर
मेरो स्वप्नज्योति खोस्दैछ को ?

मेरो स्वाभिमान
मेरो विवेक
मेरो अन्तरात्मा
आँखा पसलमा बिक्री भैसकेछ-चश्मा खरीदसँगै ।

डा.रुइत ।.
म मेरो पावरयुक्त चश्मासँग
आफ्नै जीवन साटिइरहेको
अझै टुलुटुलु हेरिरहन सक्दिनँ ।
(एक्काइसौं शताब्दी मासिकमा प्रकाशित ,मंसिर २०५९)